कारोबार
खुला व्यापार
KAROBAR NATIONAL ECONOMIC DAILY
आइतबार, १२ माघ २०७० ● Sunday, 26 January 2014

# भारत र चीनबीच बढ्दो आर्थिक एकता र नेपाल



डा. पोषराज पाण्डे
अध्यक्ष, सावती



बितेका दशकमा चीन र भारतको दृढ आर्थिक विकासले दुवै देशलाई विश्व व्यापारका ठूला खेलाडीका रूपमा स्थापित गरेको छ। उनीहरूको यो आर्थिक विकासबाट अन्य विकासशील मुलुकका लागि पनि प्रत्यक्ष वैदेशिक लगानीका लागि स्रोत प्राप्त गरेका छन् र अझै गर्न सक्छन्। विकासको गति सुरु हुँदा तिनीहरू न्यून-प्रविधिको उत्पादनमा आधारित थिए भने बिस्तारै मध्यम र उच्च प्रविधिमा आधारित उत्पादन र सीप सघन सेवातर्फ मोडिए। यी देशसँग व्यापार विस्तारका प्रशस्त सम्भावना छन्। तुलनात्मक लाभका प्राथमिक वस्तुहरू पनि यी देशहरूसँग रहेकाले उनीहरू विश्व बजारका ठूला व्यापारीका रूपमा परिणत हुँदैछन्।

चीन धातुको लेखांकनमा विश्वको सबैभन्दा ठूलो ग्राहक हो, विश्वभर खपत हुनेमध्ये चौथाइ चीनले खरिद गर्छ। त्यस्तै, चामल, गहुँ, पाल्म आयल, कटन र रबरजस्ता कृषि उत्पादनहरू प्रशस्त खपत हुन्छ। उसले ऊर्जा पनि अत्याधिक खपत गर्छ।

उच्च आर्थिक वृद्धिको दौडमा अलिक पछि सामेल भएको भारतको पहिलो प्राथमिकता सेवातर्फ देखिन्छ। भारत पनि बढी ऊर्जा खपत गर्ने देशहरूमध्येमा पर्छ भने धातु पनि त्यत्तिकै खपत हुन्छ। त्यहाँ कृषि वस्तुहरू चिनी, चिया, गहुँ, चामल, पाल्म आयल र कटन प्रशस्त खपत हुन्छ। उत्पादन प्रणालीमा खण्डीकरणले (उत्पादन विभिन्न पार्टपुर्जामा पाइने) मध्यवर्ती उत्पादनका माध्यमबाट व्यापारलाई प्रोत्साहन गरेकै छ। यी देशमा भएको प्राविधिक विकासले अन्य विकासशील देशमा अन्य देशले लगानी भित्र्याउन सक्ने प्रशस्त सम्भावना छ।

यद्यपि, सबैकुरा सजिलोचाहिँ छैन। विकासशील देशमा प्रत्यक्ष प्रभाव राख्ने अन्य निर्धारकहरू पनि छन्। चीन र भारतबीच तेस्रो देशमा कसले बढी निर्यात गर्ने भन्ने प्रतिस्पर्धा छ।




उनीहरूका उत्पादन आयात गर्दागर्दै विकासशील देशका उद्योगहरू नै मर्न सक्ने जोखिम पनि छ। तथापि सबै विकासशील देशका औद्योगिक वातावरणमा आयातले खलबल पुऱ्याएको छ भन्नेचाहिं होइन।

## वैमनस्यताबाट आर्थिक विकासतर्फ

यो दुर्लभ संयोग भन्नुपर्छ, विश्वशक्तिका दुवै आकांक्षी भारत र चीनले साझा सीमा प्रयोग गर्छन्। विगतमा युद्ध पनि लडिसकेका यी २ देशबीच आर्थिक यथार्थताले भूराजनीतिक सम्बन्धलाई निर्धारण गरेको छ। पछिल्ला दशकमा उनीहरूबीचको राजनीतिक, आर्थिक र सैन्य सम्बन्धमा कुनै बाधा-अड्चन छैन। यो सत्य आर्थिक क्षेत्रमा प्रतिबिम्बित भएको प्रस्ट देखिन्छ। द्विपक्षीय व्यापार प्रभावशाली रूपमा विस्तार भएको छ। सन् १९९९ देखि सन् २०१० सम्म द्विपक्षीय व्यापार वार्षिक २ अर्ब डलर हाराहारीबाट बढेर ६३ अर्ब डलर नाघेको छ। पछिल्लो वर्षमात्र २ देशबीचको व्यापार ४८ प्रतिशतले बढ्यो भने द्विपक्षीय लगानी पनि उल्लेख्य रूपमा बढेको छ।

चीन अहिले भारतको दोस्रो ठूलो व्यापारिक साझेदार हो। यद्यपि, चीनको कुल व्यापारमा भारतसँगको व्यापारको प्रतिशत सानो देखिन्छ। चीन र भारतबीचको व्यापारमा कच्चा वस्तुको प्रभुत्व छ। रासायनिक र यससँग सम्बन्धित वस्तु, यान्त्रिक तथा यातायात साधन र औद्योगिक उपभोग्य वस्तु बढी आयात तथा निर्यात हुन्छ।

चीन र भारत दुवैले एक अर्को देशसँग व्यापार बढाउन बन्दरगाह तथा अन्य आवश्यक पूर्वाधारहरूको आधुनिकीकरणमा जोड दिइरहेका छन्। अन्य देशमा प्लान्ट राखेर आफ्नो देशबाट कच्चा वस्तु झिकाई एसेम्बल गरी उत्पादन निकासी गर्नेतर्फ पनि दुवै देशले ध्यान दिइरहेका छन्। चीन र भारतबीच आपसी व्यापार र लगानीको ठूलो सम्भावना अहिलेसम्म प्रयोगमा आइसकेकै छैन। अहिले दुवै देशबीच १ सय अर्ब डलरको व्यापार लक्ष्य निर्धारण भएको छ।

## नेपालः २ आकांक्षी विश्वशक्तिबीचको पुल

२ शक्ति राष्ट्रबीचमा रहेको नेपालका लागि यी देशबीचको व्यापार प्रवाहले अन्य विकासशील देशको तुलनामा अन्य धेरै कुरा फरक हुन्छ। आर्थिक, राजनीतिक र कूटनीतिक वृत्तमा प्रभाव देखिनु स्वाभाविक हो। दुवै देशले आ-आफ्नो रणनीतिक लक्ष्य प्राप्त गर्न आफ्नो विदेश नीति तय गर्छन्। सुरक्षा, स्रोत सुरक्षा, व्यापार र लगानीका अवसर तथा मजबुत राजनीतिक र कूटनीतिक सम्बन्ध स्थापना गर्ने गरी उनीहरूको विदेश नीति तय भएको छ। नेपालले पनि कुनै एउटा शक्तिसँग मात्र नलहसिएर दुवैसँग समदूरीको राजनीतिक र कूटनीतिक सम्बन्ध राख्नुपर्छ।

चीन र भारतबीचको आर्थिक संवाद र उनीहरूले अनुमान गरेको दोहोरो अंकको आर्थिक वृद्धिको लक्ष्य प्राप्त गर्न कृषि र प्राकृतिक स्रोत तथा सूचनाप्रविधिमा आधारित सेवाको ठूलो माग बढ्न जान्छ, यस्तो अवस्थामा नेपाल ट्रान्जिट राष्ट्र बन्न सक्छ। यद्यपि, व्यापारका प्रभाव अस्पष्ट नै छन्। प्राथमिक वस्तुहरूको मात्र निकासी गर्ने र उत्पादनमा कुनै विशिष्टता हासिल गर्न नसक्ने हो भने यहाँ 'डच रोग' को समस्या देखापर्नेछ। यसका अतिरिक्त, नेपालले श्रम-सघन उत्पादनहरू (जस्तो- तयारी पोसाक, कार्पेट, हस्तकलाका सामग्री) अन्तर्राष्ट्रिय बजारमा बेचेर आन्तरिक बजारमा चीन र भारतको बढ्दो प्रतिस्पर्धी दबाब झेल्नुपर्ने हुन्छ। आन्तरिक बजारमा आवश्यक उत्पादन चीन र भारतबाट आयात गर्ने देशभित्रका उत्पादन निकासी गर्न नसक्दा यहाँका औद्योगिक अवसानको खतरा निम्तिन सक्छ। नजिकको छिमेकीको नाताले दुवै देशको प्राकृतिक स्रोतसाधन-सघन विकासको प्रवृत्ति हेर्दा उनीहरूले उत्सर्जन गर्ने हरितगृह ग्यासले नेपालको प्राकृतिक वातावरणलाई असर गरिरहेको छ।

> चीन र भारत दुवैले एक अर्को देशसँग व्यापार बढाउन बन्दरगाह तथा अन्य आवश्यक पूर्वाधारहरूको आधुनिकीकरणमा जोड दिइरहेका छन् ।

फेरि पनि, द्विपक्षीय व्यापार बढ्दा नेपालको अर्थतन्त्रलाई गति दिन्छ। यस्तो आश्चर्यलाग्दो गतिमा २ देशबीच व्यापार बढ्दै गएको खण्डमा दुवैले अवश्य पनि सस्तो र सजिलो स्थल, जल र हवाईमार्गको खोजी गर्छन्। नेपालले यो सम्भावनाको उपयोग गर्न आफूलाई ट्रान्जिटका रूपमा विकास गर्नुपर्छ, मानिस र वस्तु दुवै एकअर्को देशमा जानआउन उपयुक्त मार्ग नेपाल हुनसक्छ। चीनले भारतका केन्द्रीय भूभागसम्म सीधा पहुँच पुऱ्याउन नेपाल रणनीतिक रूपमा महत्वपूर्ण छ। त्यस्तै, भारतका निकासीकर्ताका लागि चीनका क्षेत्रीय बजारहरू तिब्बत, सिचुआन र सांघाईजस्ता ठाउँहरूमा छिटो र सस्तो तवरले निकासी गर्न नेपाल महत्त्वपूर्ण छ।

नेपाली करिडोरले यहाँको परिवहन प्रणालीलाई मात्र होइन, यहाँबाट २ देशलाई रेलसेवाले जोड्दा ऊर्जाको माग र रोजगारी त्यत्तिकै बढ्छ। चीन र भारतका पर्यटकका लागि नेपाल आकर्षक गन्तव्य बन्छ। विश्वव्यापी रूपमा प्रतिस्पर्धी उत्पादनका लागि उत्पादन लागत कटौती गर्न चाहने कम्पनीहरूका लागि नेपालमा वस्तु तथा सेवाको उत्पादन तिनीहरूका देशका भूभागमा भन्दा कैयौं गुणा सस्तो पर्न आउँछ।

नेपालले कम विकसित देशका आधारमा बहुपक्षीय, क्षेत्रीय तथा द्विपक्षीय रूपमा पाएको सौविध्यपूर्ण बजार पहुँच चिनियाँ तथा भारतीय उत्पादनकर्ताले नेपालमा लगानी ल्याएको खण्डमा सहजै उपयोग गर्न सक्छन्। यसले नेपालमा विदेशी लगानीको आप्रवाह बढ्छ। अब हामीले विचार गर्नुपर्ने कुरा के हो भने, नेपालको अहिलेको ५ अर्ब डलरको व्यापार धान्ने हिसाबले निर्माण गरिएका पूर्वाधार संरचना (सडक, विमानस्थल) ले भारत र चीनबीचको १ सय अर्ब डलरको व्यापारको प्रवाहलाई धान्न पर्याप्त छैनन्। उनीहरूको व्यापारमा उच्च भार भएका औद्योगिक कच्चा वस्तु र यान्त्रिक वस्तु बढी हुन्छन्। यसले नेपालको यातायात संरचनामा आधुनिकीकरण तथा पूर्वाधार विकास नीतिमा रूपान्तरण गरी पूर्वाधार विकासमा विदेशी लगानी खोज्नुपर्ने खाँचो औंल्याएको छ।

दुवै देशले लक्षित गरेको आर्थिक विकासको लक्ष्य पूरा गर्न माग हुने ऊर्जाको आवश्यकता पूरा गर्न दुवै देशले ऊर्जाका स्रोत सुरक्षित गरिरहेका छन्। चीनमा विश्वका अन्य अर्थतन्त्रको तुलनामा सबैभन्दा बढी ऊर्जाको माग बढ्ने आँकलन गरिएको छ। दुवै देशले जलविद्युत्, परमाणु ऊर्जाजस्ता विभिन्न प्रकारका ऊर्जामा ध्यान दिइरहेका छन्। नेपालले अहिलेसम्म जलविद्युत् मा रहेको सम्भावनाको १.४ प्रतिशत पनि दोहन गर्न नसकेको अवस्थामा हाम्रो आवश्यकताभन्दा बढीको उत्पादनले चीन र भारतको मागलाई पूर्ति गरिदिन सक्छ। ऊर्जा व्यापारले नेपालको २ देशसँगको बढ्दो व्यापार असन्तुलन घटाउन सक्छ। ऊर्जा व्यापारमा नेपालले छुट्टै आर्थिक र राजनीतिक इच्छाशक्ति देखाउनुपर्छ र यससँगै संस्थागत क्षमता पनि अभिवृद्धि गर्नुपर्छ।